म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ४ शुक्रबार १८ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 2 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागूऔषधसहित तीनजना पक्राउ

हेटौंडा, १७ साउन/जिल्ला प्रहरी कार्यालय मकवानपुरले दुई स्थानबाट साढे ५१ केजी लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ । हेटौंडाबाट पथलैयातर्फ गइरहेको ०३-००१ च २११६ नम्बर स्कारपियोलाई हेटौंडा उपमहानगरपालिका-१५ स्थित रातामाटे चेकपोष्टका प्रहरीले जाँच गर्दा ३३ केजी गाँजासहित हेटौडा-५ मा घर बताउने ३० वर्षीय चालक विनोद सेवा र गाडीमा सवार हेटौंडा-१३ की ३५ वर्षीया सुनिता तामाङलाई नियन्त्रणमा लिएको छ ।

गाँजा स्कारपियो गाडीको पछाडि लुकाएर ल्याइएको थियो । यसैगरी, हेटौंडा-१५ रातोमाटेस्थित मुक्तान क्रसर अगाडि सडकमा हेटौंडाबाट पथलैयातर्फ जाँदै गरेको विआर ०५ पीवी ७३६४ नम्बरको अटोलाई प्रहरीले रोकेर जाँच गर्दा साढे १८ केजी गाँजासहित भारतीय नागरिक मुसादेव आलमलाई नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक सीताराम रिजालले बताए । ३० वर्षीय आलम अटो चालक हुन् । उनी भारतीय नागरिक हुन् ।

# मकवानपुरका सात जना एमाले नेतालाई नयाँ जिम्मेवारी



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ नेकपा एमालेको काठमाडौंमा बिहीवार बसेको सचिवालय बैठकले मकवानपुरका सात जना पार्टी नेतालाई थप जिम्मेवारी तोकेको छ ।

थप जिम्मेवारी पाउने नेतामा केदार न्यौपाने, रामेश्वर राना, कृष्णप्रसाद दाहाल, सुवासचन्द्र ठकुरी, महेशकुमार बर्तौला, भारती पाठक र जुनेलीमाया श्रेष्ठ रहेका छन् । सचिवालय बैठकले कृषि तथा पशुपन्छी विभाग प्रमुखमा केदार न्यौपाने र केन्द्रीय सदस्य भारती पाठकलाई वन तथा वातावरण विभाग प्रमुखको जिम्मेवारी दिइएको पार्टीले जानकारी दिएको छ । यसैगरी, पार्टीको सल्लाहकार परिषद् सदस्यमा पूर्वकेन्द्रीय सदस्य कृष्णप्रसाद दाहाल र संविधानसभा सदस्य सुवासचन्द्र ठकुरी मनोनित भएका छन् ।

रामेश्वर रानालाई पार्टी जिल्ला इञ्चार्ज बनाएको छ । यसअघिका इञ्चार्ज देवी ज्ञवालीलाई चितवन जिल्लाको जिम्मेवारी दिइएको छ । पोलिटब्यूरो सदस्य र हेका ज्ञवाली भन्दा अगाडि जिल्ला इञ्चार्ज राना नै थिए । ज्ञवालीले पार्टी जिल्लाको एउटा अधिवेशन सम्पन्न गराए । सचिवालय बैठकले प्रतिनिधिसभा क्षेत्र नम्बर २ को इञ्चार्जमा केन्द्रीय सदस्य जुनेलीमाया श्रेष्ठलाई तोकेको छ ।

पार्टीले जिल्लाको प्रतिनिधिसभा क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलालाई केन्द्रीय सदस्यमा मनोनित गरेका थिए । बर्तौलालाई प्रतिनिधिसभा क्षेत्र नम्बर १ को जिम्मेवारी पनि दिइएको छ । बर्तौला यसअघि पार्टी बागमती प्रदेश कमिटीको उपसचिव थिए । सचिवालय सदस्य बैठकले १७ जना नेतालाई केन्द्रीय सदस्यमा मनोनीत गर्दा बर्तौलालाई पनि केन्द्रीय सदस्य बनाएको हो ।

बर्तौलालाई संसदीय जिम्मेवारी दिँदा एमालेले सचेतक हुँदै प्रमुख सचेतक बनाएको थियो । हाल उनी सत्तारुढ दलको तर्फबाट मुख्यसचेतक रहेका छन् । बर्तौलाले ४ मंसिर २०७९ मा भएको निर्वाचनमा नेकपा (एकीकृत समाजवादी)का प्रभावशाली नेता विरोध खतिवडालाई पराजित गरेका थिए । खतिवडालाई पराजित गरेर संसदीय राजनीतिमा उदाएका बर्तौलाले पार्टीबाट निरन्तर जिम्मेवारी पाइरहेका छन् ।

# लटारम्मेश्वरमा मन्दिरको भवन निर्माण गर्न महायज्ञ

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ मकवानपुरको बकैया र भीमफेदी गाउँपालिकाको सीमानामा रहेको धार्मिक एवम् पर्यटकीय क्षेत्र लटारम्मेश्वर महादेव मन्दिरमा ओमकार भवन निर्माणका लागि श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञ लगाइएको छ ।

बागमती प्रदेश सरकारका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री बिमल ठकुरीले महायज्ञको उद्घाटन गरेका छन् । धार्मिक एवम् पर्यटकीय क्षेत्र लटारम्मेश्वरको विकासका लागि मन्त्रालयले आवश्यक सहयोग गर्ने मन्त्री ठकुरीले प्रतिवद्धता जनाएका छन् । उनले लटारम्मेश्वर बागमती प्रदेशको गौरव रहेको बताउँदै त्यसलाई जोगाउने सबैको दायित्व रहेको स्पष्ट पारे ।



कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले लटारम्मेश्वर क्षेत्रमा पुग्दा अदभुत अनुभूति हुनेगरेकाले पालिकाको तर्फबाट पनि त्यसको विकासका लागि आवश्यक सहयोग गर्न तयार रहेको बताए । उनलेछिट्टै त्यस क्षेत्रको डिपिआर गर्ने तयारी भइरहेको जानकारी दिर्दै त्यहाँसम्म पुग्न ठाउँठाउँमा संघ र प्रदेश सरकारसँगको सहकार्यमा मोनोरेल राख्ने योजना रहेको सुनाए ।

बकैया गाउँपालिका वडा नं. १२ का वडाअध्यक्ष ज्ञानेन्द्र बजगाईंले लटारम्मेश्वरको विकास गर्न वडाबाट पनि बजेट विनियोज गरिएको बताए । भौगोलिक विकटताले संरचना निर्माण महंगो पर्न गएको उनले जानकारी दिए । उनले ओमकार भवन बनाउन सबै भक्तलाई सहयोग गर्न अनुरोध पनि गरे । ख्यातिप्राप्त वाचनप्रवीण पण्डित दिनबन्धु पोखरेलले कथावाचन गरि रहेका छन् । सुनमाया घले (माता) को संयोजनमा हेटौंडा उपमहानगर पालिका-४ स्थित पशुपति मन्दिरको सभाहलमा भइरहेको महायज्ञमा बिहान नित्य पूजा र बेलुका आरती हुनेछ ।

श्रीमद्भागवत सप्ताहज्ञान महायज्ञ मूलसमारोह समिति र ओम लटारम्मेश्वर महादेव मन्दिर निर्माण तथा व्यवस्थापन समितिको आयोजनामा साउन १६ गतेदेखि सुरु भएको महायज्ञ २२ गतेसम्म चल्नेछ । उद्घाटन कार्यक्रममा बकैया गाउँपालिका-५ का अध्यक्ष लक्ष्मी जिम्बा, वडा नं. ११ अध्यक्ष गोपाल बहादुर न्यासुर, समाजसेवी एवम् धार्मिक व्यक्तित्व राजेश वाग्लेलगायत भक्तजनको सहभागिता रहेको थियो ।

समुद्रीसतहबाट एकहजार ८ सय ५६ मिटरको उचाइमा रहेको यो मन्दिरबाट देखिने मनोरम दृश्यले यहाँ धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको छ । यज्ञकुण्डमा हाम फालेर जलेकी सतीदेवीको मृतशरीर बोकेर महादेव त्रिलोक भ्रमण गर्दा सतीदेवीको लट्टा खसेको स्थानका रुपमा मकवानपुरमा लटारम्मेश्वर महादेवको उत्पत्ति भएको धार्मिक विश्वास छ ।

डब्लुडाँडाको थुम्कोमा महादेवको मन्दिर छ । थुम्कोमा पुगेपछि देखिने प्राकृतिक दृश्यले पर्यटक्लाई हिंडाइको थकान मेटाउँछ । डब्लु डाँडालाई छिनमै बादलले ढकमक्क ढाक्छ । छिनमै बादल फाटेर प्राकृतिक सुन्दरता देखिनु यो मन्दिरको अर्को विशेषता हो । कान्तिलोकपथको बाटो हुँदै हेटौंडाबाट दुइघण्टा र काठमाडौंबाट २ घण्टाको दुरीमा ठिंगनबाट खोरभन्ज्याङबाट माथि लागेपछि करिव डेढदेखि दुइ घण्टाको पैदलयात्रा पश्चात महादेवको दर्शन गर्न यहाँ पुग्न सकिन्छ ।

# ई-रिक्सा चालकको गुनासो सम्बोधन गर्ने मन्त्री महर्जनको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेश सरकारका श्रम रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जजनले ई-रिक्सा चालकको समस्याको विषय छलफल गरेका छन् ।

बिहीबार मन्त्रालयमा हेटौंडाका ई-रिक्सा चालकले मन्त्री महर्जनसमक्ष सवारीचालक अनुमति पत्रसम्बन्धी समस्या लिएर गएका थिए । उनीहरुको समस्याको हल गर्न मन्त्रालय तत्पर रहेको मन्त्री महर्जनले आश्वासन दिए । विगतमा प्रयोग गर्दै आएको हस्तलिखित सवारीचालक अनुमतिपत्रमा सी वर्गको अनुमतिपत्रले टेम्पो र अटो रिक्सा चलाउन पाउने अनुमति रहेता पनि विगतको समयमा ई-रिक्साको समेत सोही अनुमतिपत्र दिईने व्यवस्था रहेकोमा हाल प्रयोगमा रहेको स्मार्ट सवारीचालक अनुमतिपत्रमा भने ई-रिक्सा चलाउनका लागि सि १ वर्गको अनुमतिपत्र चाहिने व्यवस्था छ ।

सोही अनुसार सि वर्गको अनुमतिपत्र नहुँदा ट्राफिक प्रहरीले ई-रिक्सा चालकलाई चिट काट्ने तथा सवारी साधन समेत नियन्त्रणमा लिने गरेका र नयाँ अनुमतिपत्र लिनका लागि पुन: परीक्षा दिनुपर्ने समस्या भएको चालक तथा यातायात कम्पनीका सञ्चालकले गुनासो गरे । समस्याको विषयलाई लिएर मन्त्री महर्जनले यी समस्याको समाधान प्रदेश सरकारबाट मात्र सम्भव नहुने भन्दै संघीय सरकारसँग समन्वय गरेर समस्याको समाधानमा तदारुकता देखाउने बताए ।

साथै ट्रायल पास गरेर नै चालक अनुमतिपत्र प्राप्त गरेकाले समस्याको समाधान नहुन्जेलसम्म सोही अनुमतिपत्रले सवारी चलाउन दिन र चिट नकाट्न जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका कार्यालय प्रमुख प्रहरीनिरीक्षकलाई निर्देशन समेत दिए । मन्त्रालयमा भएको छलफलमा यातायत व्यवस्था कार्यालय हेटौंडाका कार्यालयप्रमुख तीर्थराज उपाध्याय, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका कार्यालय प्रमुख प्रहरीनिरीक्षक केशव अधिकारी, श्रम रोजगार तथा यातायात मन्त्रालयका सचिव बलराम निरौला, सरोकारवाला र ई-रिक्सा चालकको उपस्थिति रहेको थियो ।

# मकवानपुरमा दुई सातामा १८ जनामा डेंगु

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ मकवानपुरमा डेंगुको जोखिम बढेको छ । चालु आर्थिक वर्षको दुई सातामा १८ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार साउन १६ गते बुधवारसम्म ८ पुरुष र १० महिलामा डेंगु संक्रमण पुष्टि भएको छ ।

सबैभन्दा धेरै हेटौंडा उपमहानगरमा डेंगु संक्रमित भेटिएका छन् । यहाँ पुरुष ५ र महिला ९ सहित १४ जनामा डेगुं संक्रमण पुष्टि भइसकेको छ । मकवानपुरगढी गाउँपालिकामा २ पुरुष र १ महिलासहित तीनजना तथा बकैया गाउँपालिकामा एकजना पुरुषमा डेंगु संक्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालय मकवानपुरका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । गत २४ घण्टामा हेटौंडामा एकजना डेंगु संक्रमित थपिएका छन् ।

डेंगु एडिस एजिप्टाइ जातको पोथी लामखुट्टेको टोकाइबाट लाग्ने रोग हो । बर्खा लागेसँगै लामखुट्टेले जमेका पानीमा फूल पार्ने गर्दछ । खासगरी वर्षाको पानी जम्ने टिनको भाँडा, पुरानो टायर, ड्रम, गमला र पानी ट्यांकीमा यसले फूल पार्ने गर्दछ ।

यो रोग लागेपछि मानिसमा अत्यधिक ज्वरो आउने गर्दछ । मांसपेशी र हाडजोर्नी दुख्ने, शरीरमा बिमिराहरु देखापर्ने लगायत लक्षण यसमा देखिन्छन् ।

गत आर्थिक वर्ष २०८०/८१ मा ८ सय ९१ जना डेंगुबाट प्रभावित भएकोमा ४ सय ५५ पुरुष र ४ सय ३६ महिला छन् । गत आवमा डेंगु संक्रमणका कारण जिल्लामा एकजनाको मृत्यु भएको थियो ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० % बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३




**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७०९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# ट्राफिकको राजस्व संकलन

सवारी साधनलाई कारवाही गरेर राजश्व बढेको विषय आफैंमा सकारात्मक होइन । मुलुकका सवारीचालक कति गैरजिम्मेवार छन् ? नियम कानुनको पालनाको अवस्था कस्तो छ ? सवारी नियम मिच्दा हुनसक्ने जोखिमको अवस्था के छ ? हाम्रा सडक कति सुरक्षित छन् ? यस्ता हजारौं प्रश्नले ट्राफिक कारबाहीलाई निर्देशित गरिरहेको हुन्छ । मकवानपुरमा गत आर्थिक वर्षमा ट्राफिक कारबाहीबाट दुइ करोड ८३ लाख रुपैयाँ राजस्व संकलन भएको छ । आव २०८०/८१ को एकवर्षको अवधिमा जिल्ला ट्राफिक प्रहरी कार्यालयले मकवानपुरमा गरेको ट्राफिक कारबाहीबाट यो राजस्व संकलन गरेको हो । ट्राफिक प्रहरी कार्यालय मकवानपुरका अनुसार ट्राफिक नियम उल्लंघन गर्ने ३७ हजार ९६० सवारीसाधन कारबाहीबाट यो राजस्व असुल भएको हो । यसरी राजश्व रकम बृद्धि भएपनि यसमा खुशी मान्नुपर्ने अवस्था भने छैन । सबै सवारीचालक्ले सवारी नियमको पूर्णपालना गर्नु जरुरी छ । कुनैबेला मोटरसाइकल चालकले सवारीधनी प्रमाणपत्र, सवारीचालक अनुमतिपत्र बोक्न बिर्सनु सामान्य कुरा हो ।

हतारमा निस्कँदा बिर्सन सक्ने सम्भावना हुन्छ । तर, यही विषयलाई ट्राफिक प्रहरीले मुख्य मद्दा बनाएर जरिवाना असुलेको अवस्था छ । सवारीको प्राबिधिक कुरा साइड लाइट, हेडलाइट, डिपर, ब्रेकलाइट आदि जस्ता कुरामा ध्यान दिइदैन । चालकको अवस्थालाई ध्यान दिंइदैन तर, कागजातलाई मुख्य आधार बनाइन्छ भने त्यहाँ केही कमजोरी छ । ट्राफिक प्रहरीले राजमार्गमा दुर्घटना कम गराउने नाममा आम सर्वसाधारण सवारीचालकलाई अनावश्यक रुपमा तनाव दिनु हुँदैन । कुनैबेला सवारी परीक्षणको बहानामा राजमार्गमा सवारी रोकेर अनावश्यक दु:ख दिएको घटना पनि सर्वसाधारणले भोगिरहेका छन् । रकम संकलन गर्ने मात्र उद्देश्य लिएर राजमार्गमा ट्राफिक कारवाही भएको भन्दै सर्वसाधारणले आवाज उठाएका छन् । बितेको आर्थिक वर्ष २०७९/८० मा ४७ हजार ८९९ सवारी कारवाहीबाट तीन करोड ६९ लाख ६७ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । तुलनात्मकरुपमा अघिल्लो आवको भन्दा गत आवमा सवारी कारवाही र राजस्व दुबै घटेको छ । ट्राफिक सचेतना फैलाएसँगै जिल्लामा ट्राफिक नियम उल्लंघन गर्ने घटेकाले राजस्व संकलनमा पनि कमी आएको ट्राफिक प्रहरीको भनाइ छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका अनुसार बिनाअनुमति सवारी चलाउने, सवारी साधनको कागजात ठीक नभएका वा अवैध कागजात भएको, मादकपदार्थ सेवन गरी सवारी चलाउने लगायतलाई गरिएको कारबाहीबाट राजस्व असुल गरिएको हो ।

गत आवमा सबैभन्दा बढी असार महिनामा ३१ लाख २९ हजार ५०१ र कम साउन महिनामा १२ लाख १२ हजार राजस्व संकलन भएको छ । ट्राफिक कारवाहीमा सबैभन्दा बढी मोटरसाइकल र सबैभन्दा कम ट्याक्टर कारवाहीमा परेको तथ्यांक छ । गत आवमा २४५ सवारी दुर्घटनामा ५८ जनाले ज्यान गुमाए । ट्राफिकको तथ्यांक अनुसार जिल्लामा आव २०७७/७८ मा ३ सय ५३ सवारी दुर्घटनामा ५९ जना, २०७८/७९ मा ३ सय १७ सवारी दुर्घटनामा ७० जना र आव २०७९/८० मा २ सय ५२ सवारी दुर्घटनामा ६१ जनाले ज्यान गुमाएका थिए । तुलनात्मक रुपमा अघिल्ला आवको भन्दा गत आवमा दुर्घटना र मृत्यु हुनेको संख्या घटेको छ । गत आवमा दुई हजार पटक एक लाख ९६ हजार २९५ जनालाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो । सवारी दुर्घटना न्यूनीकरण गर्न गत आवमा विद्यार्थी, नयाँ चालक, व्यवसायी, सरकारी कर्मचारी लगायतलाई कक्षा सञ्चालन गरिनुका साथै सचेतनामूलक पर्चा, पम्प्लेट, स्टिकर टाँस र चालकको स्वास्थ्य परीक्षण गरिएको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १९ गते शनिबार ३ अगष्ट २०२४ । चतुर्दशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२९, सूर्यास्त ६:५० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : नचिताएको काम सम्पन्न हुनेछ | **तुला** | : यात्राबाट नोक्सान हुनेछ |
| **वृष** | : मिहिनेतको फल मिल्नेछ | **वृश्चिक** | : घाउचोट लाग्न सक्नेछ |
| **मिथुन** | : स्वास्थ्यमा खराबी आउनेछ | **धनु** | : जग्गा जमिनबाट लाभ हुनेछ |
| **कर्कट** | : शुभ कामको संकेत मिल्नेछ | **मकर** | : सोचेभन्दा बढी खर्च हुनेछ |
| **सिंह** | : शरीरमा केही आलश्य हुनेछ | **कुम्भ** | : मित्रतामा कमी आउनेछ |
| **कन्या** | : सफलता मिल्न गाह्रो छ | **मीन** | : कामको जिम्मेवारी बढ्नेछ |

# कांग्रेस-एमाले गठबन्धनलाई फलामको चिउरा बन्दै बीआरआई



✍ गोविन्दराज केसी

एउटा चिनियाँ उखान छ- जहाँ यातायात र बाटोघाटो पुग्छ त्यहाँ विकासले पछ्याउँछ । तर, नेपालमा विकास पछ्याउने गरी बाटोघाटो र विकासको चिन्ता त्यति देखिन्न । बरु कुनै महत्वपूर्ण परियोजनामा सघाउने देशको आधारमा नकारात्मक सोचबाट बहस सुरु हुन्छ । अमेरिकी विकास परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) र चिनियाँ मेगा परियोजना बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) यसका पछिल्ला उदाहरण हुन् ।

अमेरिकी पक्षधरहरू बीआरआईको नाम समेत सुन्न चाहँदैनन् भने चिनियाँ पक्षधरहरू एमसीसी लागू हुँदा बित्तिकै नेपालमा अमेरिकी सेना आइहाल्छ र नेपालको सम्प्रभुता समाप्त हुने तर्क गर्छन् । तर यी दुवै आयोजनाबाट कसरी स्रोत-साधनको परिचालन गरेर देशको आर्थिक वृद्धि गर्ने भन्नेबारे बहस विरलै सुनिन्छ । सन् २०१३ मा काजकस्तानको राजधानी अस्तानामा चिनियाँ राष्ट्रपति सी जिनपिङले उद्घाटन गरेयता बीआरआईले एक दशक पूरा गरेको छ । सीले उक्त भ्रमणको क्रममा 'सिल्क रोड इकोनोमिक बेल्ट' र त्यसको एक महिनापछि इन्डोनेसिया भ्रमणमा रहँदा '२१औं शताब्दीको सामुद्रिक रेसमी मार्ग'को प्रस्ताव पेश गरेका थिए ।

यिनै दुई प्रस्तावहरूको एकीकृत रूप नै वान बेल्ट वान रोड (ओबीओआर) रणनीतिक परियोजना हो । सुरुवाती चरणमा वान बेल्ट वान रोड (ओबीओआर) नामकरण गरिएको यो परियोजना पछि बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) मा बदलियो । जुन अद्यापि कायम छ । मूलत: चिनियाँ औद्योगिक उत्पादनको अधिक क्षमतालाई अन्तर्राष्ट्रियकरण गर्ने योजना मुताबिक चीनले उक्त महत्वाकांक्षी महापरियोजना (मेगा प्रोजेक्ट) अगाडि सारेको थियो । यसले युरेसिया, अफ्रिका र ओसेनियाका दर्जनौं देशहरू बीच सहयोगका पाँच क्षेत्रहरू परिकल्पना गरेको छ । ती हुन्- पूर्वाधार र सुविधाहरू संयोजन (कनेक्टिभिटी), निर्वाध व्यापार, सहज वित्तीय प्रवाह, समन्वयकारी राष्ट्रिय नीतिहरू र जनता-जनता र सांस्कृतिक आदान-प्रदानमा वृद्धि ।

अन्तर्राष्ट्रिय तहमा जारी दुईवटा दृष्टान्तलाई सुरुमा समेटौं । इटालीले सन् २०२३ को डिसेम्बरमा बीआरआई परियोजनाबाट हात झिकेपछि जी-७ को एक्लो राष्ट्रसमेत पछि हटेको थियो । ततपश्चात् चीन-इटाली दुई पक्षीय सम्बन्धमा केही जटिलता र अप्ठ्याराहरू सतहमा देखिए । गत साता इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले पाँचदिने चिनियाँ भ्रमण सम्पन्न गरिन् । भ्रमण विगत केही समयदेखि देखिएका शंका-उपशंका हटाउन तथा चीनसँगको सम्बन्धलाई पुरानै लयमा फर्काउन केन्द्रित थियो जुन कुरा यसक्रममा चलेका छलफल र बहसले पर्याप्त संकेत गर्छन् । बीआरआईको पुन: सदस्यता नलिए पनि इटालीले आर्थिक हितका लागि चीनसँगको दुईपक्षीय र लगानी सम्बन्धलाई नयाँ ढंगले परि भाषित गर्न खोजेको छ ।

अहिलेसम्म बीआरआईको सदस्य नबनिसकेको ब्राजिल यसपटक सदस्य बन्नका लागि व्यापक छलफलमा जुटेको छ भने आगामी बैठकमा उपस्थित समेत हुने भएको छ । साउथ चाइना मर्निङ पोष्टका अनुसार सी जिनपिङले आगामी नोभेम्बरमा ब्राजिलको रियो दि जेनेरियोमा उनका समकक्षी लुला डि सिल्भालाई भेट्नेछन् । ब्राजिलका उपराष्ट्रपतिलाई उद्धृत गर्दै एससीएनपीले लेखेको छ- उक्त शिखर सम्मेलनमा दुई देशहरूलाई आर्थिक रूपमा नजिक ल्याउन सक्ने सम्झौताहरू गर्न तयार छन् । कूटनीतिक सम्बन्धले ५० वर्ष टेकेको अवसर पारेर ब्राजिल र चीन बीआरआई परियोजनामा सहमत हुने सम्भावना पर्याप्त रहेको छ । बीआरआईले सृजना गरेको लाभलाई अधिकतम उपयोग कसरी गर्ने भन्नेबारे ब्राजिलले अध्ययन गरिरहेको छ ।

पेरुमा ३.६ विलियन डलरमा निर्माण भइरहेको च्यानकाइ बन्दरगाहलाई ब्राजिल आफ्नो आर्थिक लाभको लागि उपयोग गर्ने दाउमा छ । उक्त बन्दरगाह निर्माणले चीनबाट पेरु वा अन्य प्रशान्त क्षेत्रका देशहरूको सामुद्रिक मार्ग १० दिनले घटेर ३५ बाट २५ दिनमा घट्नेछ । यसले चीन तथा समग्र प्रशान्त क्षेत्रको व्यापारमा व्यापक बदलाव ल्याउनेछ । रायन दुबे र जेम्स टी. एर्डीले १३ जून, २०२४ को वाल स्ट्रिट जर्नलमा उक्त बन्दरगाहको महत्व र खतरा औंल्याउँदै लेखेका छन्- कस्को भनेर चिनिने चीनको विशाल शिपिंग समूहको बहुमत स्वामित्वमा रहेको च्यानकाइले एशिया र दक्षिण अमेरिकाबीचको व्यापारलाई गति दिन प्रतिबद्ध छ । अन्तत: यसले ब्लुबेरीदेखि तामासम्मको वस्तु निर्यातमा उक्त क्षेत्रका सबैको लागि प्रशान्त महासागरको छोटो यात्रा मार्फत ब्राजिलसम्मका ग्राहकहरूलाई फाइदा पुर्याउँछ ।

दक्षिण अमेरिकाको पहिलो वास्तविक विश्वव्यापी व्यापारिक केन्द्र बन्न सक्ने कुरामा चीनको नियन्त्रणले बेइजिङलाई यस क्षेत्रका स्रोतहरूमा आफ्नो पकड बलियो बनाउन, अमेरिकाका नजिकका छिमेकीहरूबीच आफ्नो प्रभावलाई गहिरो बनाउन र अन्तत: नजिकै आफ्नो सेना राख्न अनुमति दिनेछ भनेर अमेरिका चिन्तित छ । यस्तो चासो अमेरिकाले विश्वभरि नै राख्छ । महाशक्ति हुनुको कारण यो त्यति अस्वाभाविक होइन पनि ।

यो अन्तर्राष्ट्रिय दृष्टान्त यहाँनेर किन जोड दिएर उल्लेख गरिएको हो भने आफ्नो राष्ट्रिय हित र स्वार्थका लागि ठूला देशहरू कसरी दीर्घकालीन रणनीति निर्माण र कार्यान्वयन तथा त्यसका सम्भावित जोखिमको न्यूनीकरण र प्रतिरोधका लागि जागरुक छन् । तर काठमाडौंका शासकहरू देशको हितभन्दा पनि सानो स्वार्थ समूह र विदेशीको गोटी बन्दा ठूला-ठूला अवसर कसरी गुम्छन् भन्ने हेतुले प्रस्तुत गरिएको हो ।

**बेल्ट एण्ड रोड इनिसिएटिभका एक दशक**

सन् २०१३ को सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति सीको काजकस्तान भ्रमणदेखि शुरु भएको बेल्ट एण्ड रोड परियोजनाले १० वर्ष पूरा गरेको छ । जुलाई २०२३ मा फुदान विश्वविद्यालयले प्रकाशित गरेको 'चाइना बेल्ट एण्ड रोड इनिसिएटिभ इन्भेष्टमेन्ट रिपोर्ट' का अनुसार गत एक दशकको अवधिमा चीनले विभिन्न महादेशमा गरी एक ट्रिलियन (१००० अर्ब) अमेरिकी डलर बढीको विभिन्न विकास तथा वित्तीय परियोजनाहरूमा खर्च गरिसकेको छ ।

'सेन्टर फर ग्लोबल डेभलपमेन्ट' का अनुसार यो परियोजना सम्पन्न हुने समयसम्म चीनले ८ ट्रिलियन अमेरिकी डलर भन्दा बढी रकम खर्च गर्ने अनुमान गरेको छ । चीनले सन् २०१७ मा पहिलो पटक बेल्ट एण्ड रोड फोरम सञ्चालन गर्दा ३० देशका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो भने ७० वटा अन्तर्राष्ट्रिय संगठनहरूको उपस्थिति रहेको थियो र २९ देशका राष्ट्रप्रमुखहरूको उपस्थिति रहेको थियो । त्यस्तै २०१९ मा दोस्रो बेल्ट एण्ड रोड फोरमको आयोजना हुँदा ३७ राष्ट्र प्रमुखहरूको उपस्थिति रहेको थियो । त्यसपश्चात् ४ वर्षको अन्तरालमा गत अक्टोबरमा तेस्रो कार्यक्रम सम्पन्न भयो । रोयटर्सले चिनियाँ अधिकारीहरूलाई उद्धृत गरे अनुसार उक्त कार्यक्रममा लगभग ९० देशको उपस्थिति रहेको थियो ।

चीन र अमेरिकाबीच भू तथा अर्थ-राजनीतिक संकट गहिरिँदै जाँदा झन् धेरै देशहरूले प्रतिनिधित्व जनाउनु चीनको स्मार्ट पावरको प्रभाव झन् बढेको भन्ने पुष्टि हुन्छ । २०२३ को सेप्टेम्बर १० मा भारतमा सम्पन्न जी-२० शिखर सम्मेलनमा बीआरआईलाई चुनौती दिन अमेरिका तथा भारतले इन्डिया-मिडल ईष्ट-युरोप इकनोमिक करिडोर (आईएमईसी) अवधारणा अगाडि सार्ने प्रयास गरिरहेका छन् । तर यसले मूर्तता प्राप्त गरेर बीआरआईसँग आमनेसामने मुकाबिला गर्न लामो यात्रा तय गर्नुपर्ने हुन्छ । तथापि आईएमईसीले गति लिएर बढेको खण्डमा नेपालले यसको सदस्य भएर आफ्नो स्वार्थ अनुकूलका विकास परियोजनामा सहभागिता जनाउन चुक्नुहुँदैन ।

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक जस्ता बहुपक्षीय संस्थाहरू भन्दा बीआरआईको प्रकृति र स्वरूप नै फरक छ । यसले कुनै राजनैतिक पृष्ठपोषण र रणनीति भन्दा विशुद्ध आर्थिक विकासका योजनाहरूमा केन्द्रित भएको देखिन्छ । सार्वजनिक संस्थाको निजीकरण, राज्यको उपस्थिति न्यून, आयोजनाहरूमा सरकारको निगमन गर्न नहुने, नवउदारवाद र पूँजीवादको संस्थागत संरक्षण जस्ता आर्थिक, राजनैतिक र दार्शनिक पक्षहरूलाई जोड दिने बहुपक्षीय संस्थाहरूको लगानी चरित्र नै फरक हुने हुँदा बीआरआईलाई पृथक् ढङ्गले हेर्नु र उपयोग गर्नु सान्दर्भिक हुनसक्छ ।

ख्यातिप्राप्त बेलायती साप्ताहिक अखबार 'द इकोनोमिस्ट' ले १७ अक्टुबर, २०२३ को अंकमा लेख्छ- 'धेरै कोणबाट बीआरआईको पहिलो दशकले आश्चर्यजनक सफलता प्राप्त गरेको छ । १५० भन्दा बढी देशहरूले यो योजनामा हस्ताक्षर गरिसकेका छन् जसमा युरोपियन युनियनका २७ सदस्य राष्ट्रहरू मध्ये १८ छन् । यसले चीनलाई विकासशील विश्वको सबैभन्दा ठूलो ऋणदाता बनाउन मद्दत गर्‍यो, यसको कूटनीतिक र भूराजनीतिक प्रभावलाई बढावा दियो । यसले सडक र रेलवे निर्माण नभएका धेरै विकासोन्मुख देशहरूलाई ठोस फाइदाहरू पनि दिएको छ ।'

अझै अगाडि 'द इकोनोमिस्ट' लेख्छ- 'चीनले उक्त दश वर्षमा युरेसिया र अफ्रिकाभरि सडक, रेलमार्ग र अन्य पूर्वाधारमा अर्बौं डलरको लगानी गरेको छ । चीनको दाबी छ कि बीआरआई सम्बद्ध देशहरूमा ४ लाख २० हजार मानिसलाई रोजगारी सिर्जना गर्नुका साथै ४ करोड जनसंख्यालाई गरिबीको जञ्जीरबाट मुक्त गर्नेछ ।'

**काठमाडौंमा अमेरिका र भारतको चिन्ता**

एशियाली विकास बैंकको २ मे, २०२३ मा प्रकाशित प्रतिवेदनका अनुसार 'विकासोन्मुख एशिया (डेभलपिङ एशिया) ले आर्थिक वृद्धि कायम राख्न, गरिबी घटाउन र जलवायु परिवर्तनसँग जुध्न सन् २०२३ देखि २०३० सम्म पूर्वाधारमा कुल १३.८ ट्रिलियन डलर वा वार्षिक १.७ ट्रिलियन डलर लगानी गर्नुपर्नेछ । साथै दक्षिण-पूर्वी एशियाली देशहरूको संगठन 'आसियान' अर्थतन्त्रहरूले पूर्वाधार लगानीमा सोही अवधिका लागि कम्तीमा २.८ ट्रिलियन डलर वा वार्षिक १८४ विलियन डलर लगानी गर्नुपर्ने अनुमान गरेको छ । यस्तो आर्थिक परिचालनको लागि नेपाल जस्ता देशहरूको लागि बीआरआई भरपर्दो माध्यम हुनसक्थ्यो ।

तर काठमाडौंमा रहेको एउटा सानो राजनीतिक, बौद्धिक र एलिट वर्ग यतिखेर बीआर आई नेपालमा लागू भइहाल्ने र त्यसले अमेरिका र भारतको प्रभाव सकिइहाल्ने हो कि भन्ने गहिरो चिन्तामा छन् । हेर्दा देशको असाध्यै चिन्ता जागेको देखिने उनीहरूको बहसको पछाडि स्रोत-साधन माथिको पकड फुस्किने वा बीआरआई मार्फत हामीले कुनै लाभ प्राप्त गर्न नसकिने हो कि भन्ने बाहेक अरू केही देखिदैन ।

भारतीय वा अमेरिकी नीति, योजना वा रणनीतिबारे लेख्दा, बोल्दा वा वकालत गर्दा प्राप्त हुने लाभ र अवसर बारे बहुत जानकार यस्तो समूह अन्त देशको लागि सधैं हानिकारक हुन्छ । सूचनाको चुहावट, कुनै खास देशप्रतिको सामीप्यता, लोकतन्त्रका नाममा गरिने भ्रामक वैचारिकीले उत्पादन गर्ने लाभ र सन्ततिको वैदेशिक यात्रा सहज उनको फदय र मानसपटलमा गहिरो गरी जरो गाडेको छ । उनीहरूका पछिल्ला लेख र भारतीय प्राज्ञिक समुदाय, बौद्धिक वर्ग, लेखक तथा सञ्चारमाध्यमहरूको लेख, रचना तथा समाचार विश्लेषण गर्दा बीआरआईको चिन्ता नेपालीलाई भन्दा भारतीयहरूलाई छ भन्ने स्पष्ट हुन्छ ।

भारतीय थिङ्क ट्याङ्कको रूपमा स्थापित अब्जर्भर रिसर्च फाउन्डेशन (ओआरएफ)की शिवम शेखावत (२०२४) ले 'बीआरआई इन नेपाल: एन एपराइजल' मा लेख्छिन्- बेइजिङले 'बीआरआई'लाई नेपालमा स्थिरता, भारतको प्रभाव घटाउने र देशलाई पश्चिमी गैरसरकारी संस्थाहरूमाथिको निर्भरताबाट मुक्त गर्ने माध्यमको रूपमा बजारीकरण गरेको छ । नेपालमा बीआर आईको उत्थान, प्रभाव र असरलाई खास आधार बनाएर लेखिएको यस लेखलाई आधार मान्ने हो भने काठमाडौंका एलिट र भारतीयहरूको चिन्ता समान देखिन्छ । यो कुनै झुट वा आरोप होइन ।

**सुधारोन्मुख चीन-भारत सम्बन्ध**

काठमाडौंको एलिट तप्काको चाहना विपरीत पछिल्लो केही समययता चीन र भारतको सम्बन्धमा केही आइसब्रेक हुन लागेको देखिन्छ । भारतका अर्थमन्त्री निर्मला सीतारमणले गत जुलाई २५ मा आफ्नो प्रमुख आर्थिक सल्लाहकार वी. अनन्त नागेश्वरनको चीनबाट भारतमा प्रत्यक्ष वैदेशिक लगानीका लागि मार्ग खुला गर्ने प्रस्तावलाई समर्थन गरेकी छन् । यो २०२० को चीन-भारत सीमा झडपपछि दुई देशबीच ठप्प भएको सम्बन्धमा प्रभावकारी पाइला थियो ।

रोयटर्सका अनुसार 'भारतका प्रमुख आर्थिक सल्लाहकार वी. अनन्त नागेश्वरनले सोमबार संसद्मा पेश गरिएको वार्षिक आर्थिक सर्वेक्षणमा नयाँदिल्लीले आफ्नो विश्वव्यापी निर्यातलाई बढावा दिन या त चीनको आपूर्ति शृंखलामा जोडिने वा चीनबाट प्रत्यक्ष विदेशी लगानी (एफडीआई) लाई बढावा दिन सक्ने बताएका छन् । पूर्वी एशियाली अर्थतन्त्रहरूले विगतमा गरे जस्तै यी विकल्पहरूमध्ये, चीनबाट एफडीआईमा ध्यान केन्द्रित गर्दा अमेरिकामा भारतको निर्यात बढाउनका लागि बढी आशाजनक देखिने नागेश्वरनको दाबी छ ।

काजकस्तानको राजधानी अस्तनामा गत जुलाई ३ मा भएको भेटलगत्तै २५ जुलाईमा लाओसको भियनतियानमा आसियान देशका विदेश मन्त्रीस्तरिय बैठकमा चिनियाँ विदेशमन्त्री वाङ यी र उनका भारतीय समकक्षी एस. जयशंकर बीच भेट भएको थियो । उक्त भेटले दुई देशको सीमा विवादलाई अरु बल्झन नदिने र सम्भावित हल खोज्न दुवै पक्ष निकै सतर्क र संवेदनशील रहेको देखिन्छ । उक्त भेटपश्चात भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'विदेश मन्त्री जयशंकर र उनका चिनियाँ समकक्षी वाङ्ग यीले यस महिनाको सुरुमा अस्तानामा भएको छलफललाई अगाडि बढाउन र वस्तुस्थितिको समीक्षा गर्न आसियानको 'साइडलाइन बैठक' स्वरुप लाओसको भियनतियानमा भेट भएको छ ।

एक महिनाभन्दा पनि कम समयमा, दुवैले दुई पटक वार्ता भएको छ, जसले नयाँ दिल्ली र बेइजिङले वास्तविक सीमा रेखा (एलएसी)मा जारि गतिरोधको प्रारम्भिक समाधानमा राखेको महत्त्वलाई जोड दिएको' जनाएको छ । यसलाई महत्वका साथ भारतीय अखबार 'दि टाइम्स अफ एण्डियाले 'भारत र चीन सीमा वार्तामा गति कायम राख्न सहमत भएका छन्' शीर्षकमा अगष्ट १ को समाचार लेखेको थियो ।

गत अप्रिल १९ देखि जुन १ मा सम्पन्न भारतीय आम निर्वाचनमा अमेरिकी तथा पश्चिमा सञ्चार माध्यम, र बुद्धिजिवीहरुले अन्तिम चरणतिरको निर्वाचनसम्म आइपुग्दा खुलेर नै प्रधानमन्त्री मोदीको कार्यशैली र राजनीतिक दिशा, धार्मिक अधिनयाकवादतर्फ उन्मुख र चरम असहिष्णुता रहेकोको पैरवी गरेपछि भारतीय जनता पार्टीको मुख्य टिम यसबारे निकै सचेत छ भन्ने यसका पछिल्ला गतिविधिले पुष्टि गर्छ । नरेन्द्र मोदीको रसिया भ्रमण र वाङ-जयशंकर भेटलाई त्यसको निरन्तरताको रुपमा लिन सकिन्छ ।

भारत र चीनको व्यापार सन् २०२३ मा रेकर्डको तहमा उक्लिएको छ । चिनियाँ नयाँ वर्षको उत्सव मनाउँदै दिल्लीमा आयोजित एक कार्यक्रममा चिनियाँ राजदूत (चार्ज डी अफेयर्स) मा जियाले २०२३ को अगस्टमा प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिनपिङ बीचको अनौपचारिक भेटलाई औंल्याउँदै द्विपक्षीय सम्बन्धमा 'सुधार' भएका अन्य क्षेत्रहरूसँगै व्यापारको वृद्धि १३६.२ अर्ब अमेरिकी डलर पुगेको बताए । सन् २०२२ मा, चीन-भारत द्विपक्षीय व्यापारले १३५.९८ अमेरिकी डलरको रेकर्ड बनाएको थियो, जबकि दुई देशबीच सिमानामा सैन्य गतिरोध र तनावको बाबजुद चीनबाट भारततर्फको आयातमा २१ प्रतिशतले वृद्धि भएको थियो । यसले चीनसँग भारतको व्यापार घाटा १०० अर्ब डलर नाघेको पत्रकार सुहासिनी हैदरले २०२४ को फेब्रुअरी ७ को 'द हिन्दु'मा लेखेकी छन् ।

भारतको खुद एफडीआई प्रवाह अघिल्लो वर्षको तुलनामा ६२.१७ प्रतिशतले घटेर २०२३-२४ (वित्तीय वर्ष २०२४) मा १०.५८ अर्ब डलरमा झरेको छ, जुन अघिल्लो वर्ष २७.९८ अर्ब डलर रहेको थियो, जुन पछिल्लो १७ वर्षकै कम हो । २०२२ को नोभेम्बरमा प्रकाशित विश्व बैंकको एउटा नयाँ प्रतिवेदनले अनुमान गरेको छ कि भारतले आफ्नो तीव्र गतिमा बढिरहेको शहरी जनसंख्याको आवश्यकताहरू प्रभावकारी रूपमा पूरा गर्न आगामी १५ वर्षमा शहरी पूर्वाधारमा ८४० अर्ब अमेरिकी डलर-वा वार्षिक रूपमा औसत ५५ अर्ब डलर लगानी गर्नुपर्नेछ ।

यसले गर्दा लगानीको आवश्यकतालाई परिपूर्ति गर्ने भरपर्दो र विश्वासिलो लगानीकर्ता चीन हुनसक्ने भारतको ठम्याइ हुन सक्छ । प्रतिवेदनले अगाडि भन्छ- सन् २०३६ सम्म ६० करोड भारतीयहरू शहरहरूमा बसोबास गर्नेछन्, जसले जनसंख्याको ४० प्रतिशत प्रतिनिधित्व गर्दछ । यसले गर्दा स्वच्छ पिउने पानी, भरपर्दो बिजुली आपूर्ति, सबल र सुरक्षित सडक यातायातका लागि थप मागका साथ भारतीय शहरहरूको पहिले नै फैलिएको शहरी पूर्वाधार र सेवाहरूमा थप दबाब दिने सम्भावना छ ।

यसले भारतले देशको आर्थिक उन्नति र प्रगतिको लागि चीनसँग हातेमालो गर्दा फाइदा हुने देखाएको छ । त्यस्तै अमेरिकामा नोभेम्बरमा हुने चुनावले पनि विश्वव्यापी रूपमा त्रास र संशय बढाइरहेको छ । यदि डोनाल्ड ट्रम्प दोस्रो कार्यकालका लागि विजयी भए भने उनले चाल्न सक्ने अतिरिक्त बाटाहरू र त्यसले सिर्जना गर्न सक्ने जोखिमबारे विश्वले अहिलेदेखि नै सजगता अपनाउन थालिसकेको देखिन्छ ।

**दक्षिणएशियाले उठाइरहेको चिनियाँ लाभ**

दक्षिणएशियामा भारत र भुटान बाहेक सबै सदस्य राष्ट्र बनेको बीआरआई भू-राजनीतिको पेचिलो लडाइँमा फसिरहेको छ । मुख्यत: नेपाली कांग्रेसको अडानले बीआरआई सम्बन्धी परियोजनाहरू घर न घाटको अवस्थामा पुगेका छन् । विश्वले आजसम्म पनि अफगानिस्तानको तालिवान सरकारलाई आधिकारिकता दिएको छैन । यद्यपि तालिवानसँग चीनले कूटनीतिक सम्बन्धलाई निकै सुदृढ बनाएको छ । विश्वकै दोस्रो ठूलो तामाखानीलाई सञ्चालनमा ल्याउन तालिवान सरकारले चीनलाई जिम्मा दिएको छ । वार्षिक १.२ बिलियन डलरको उत्पादन क्षमता रहेको उक्त तामाखानीले १० हजार स्थानीयलाई रोजगारी सृजना गर्नेछ । यो अफगानिस्तानको कुल गार्हस्थ्य उत्पादनको झण्डै आधा हो । यसले अफगानिस्तानको अर्थतन्त्रमा उल्लेख्य मद्दत पुन्याइरहेको छ । बङ्गलादेशकी राष्ट्रपति शेख हसिना वाजेदको गत महिना चीन भ्रमणको क्रममा २० विलियन अमेरिकी डलर ऋण सहयोगको याचना गरिएको थियो । तथापि त्यो सफल नभए पनि अन्य दुई दर्जन परियोजनाहरूमा सहमति भएको छ । यसअघि पदमा नदीमाथिको ६.१५ किमी लामो पुलको निर्माण चीनको सहयोगमा सम्पन्न भएको थियो । उक्त पुलको निर्माणले पाकिस्तानको दक्षिण-पश्चिमी भेगलाई राजधानी ढाकासँग जोड्न ६ देखि ७ घण्टाको बाटो १० मिनेटमा छोट्टिएको थियो ।

८ वर्ष लगाएर निर्माण गरिएको उक्त पुलले त्यो अवधिभर ५० हजार स्थानीयलाई रोजगारी सृजना गरेको छ । यसले बङ्गलादेशलाई अन्य भूगोलसँग जोड्न र अर्थतन्त्रमा सघाउन भूमिका खेलेको थियो । हम्बनटोटा बन्दरगाहलाई संसारकै सबैभन्दा कम प्रयोग हुने बन्दरगाहको सूचीमा राखेर ऋणको पासोको संज्ञा दिइएको थियो । तर २०२३ को अन्त्यसम्म आइपग्दा उक्त बन्दरगाह व्यस्त हुनथालिसकेको छ । हम्बनटोटा अन्तर्राष्ट्रिय बन्दरगाह (एचआईपी) दक्षिणी श्रीलंकाको हम्बनटोटामा चरणबद्ध रूपमा विकसित भइरहेको गहिरो पानीको बन्दरगाह हो । यो बन्दरगाह प्रमुख अन्तर्राष्ट्रिय पूर्व-पश्चिम ढुवानी मार्ग-स्वेज नहर र मलाक्काको स्ट्रेटबाट जम्मा १० समुद्री माइल (नटिकल माइल) मा अवस्थित छ, र भारतको समुद्री प्रवेशद्वारमा रणनीतिक स्थानमा राम्रोसँग अवस्थित छ । सामान्यतया, लगभग ३०० जहाजहरू प्रति दिन यो मार्ग पार गर्छन् र टर्मिनल, बन्दरगाह र समुद्री सेवाहरू प्रदान गर्नका लागि राम्रो व्यापार अवसरहरू सिर्जना गर्छन् ।

*(साभार: अनलाइनखबर)*

# मापदण्ड नपुगेका ६३ नर्सिङ कलेज खुलाउने प्रयास असफल

काठमाडौं/चिकित्सा शिक्षा ऐन २०७५ अनुसार सय बेडको आफ्नै अस्पताल नभएका कलेजले नर्सिङ पढाउन पाउँदैनन् । यही व्यवस्था अनुसार आफ्नै अस्पताल नभएका ६३ वटा नर्सिङ कलेज २०७७ सालमा बन्द भए । नर्सिङ कलेज सञ्चालकहरुले भने मापदण्ड पूरा गर्नुको साटो 'सम्बन्धन स्वीकृति पीडित संघर्ष समिति' नै बनाएर सामूहिक रुपमा राजनीतिक लबिङ गर्दै आएका छन् । 'आफूहरुको लगानीको संरक्षण राज्यले गर्नुपर्ने र कलेज बन्द हुँदा नेपाली विद्यार्थीहरु विदेश पढ्न जान बाध्य भएको' उनीहरुको तर्क छ ।

संघर्ष समितिले ८ साउन २०८१ मा प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा निवेदन पनि दिएका थिए । बिहीबार समितिले यसबारे छ घण्टासम्म छलफल गऱ्यो । छलफलको अधिकांश समय कलेज सञ्चालन गर्न दिने कि नदिने भन्नेमा नै केन्द्रित थियो । सुरुमा फोरम फर हेल्थ एण्ड टेक्निकल साइन्सका महासचिव निर्मल सापकोटाले ६३ वटा कलेज बन्द हुँदा नेपाली विद्यार्थीहरु पढ्न विदेश जानुपरेको बताए । १६ हजार नर्सिङ पढ्न चाहने विद्यार्थीहरु मारमा परेको उनले दाबी गरे ।

पूर्वाञ्चल स्वास्थ्य सहकारी संस्था लिमिटेडका रोमनी भट्टराईले आवश्यक पूर्वाधार तयार रहेको र आफूहरु गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम रहेको बताए । आफूहरु सेवा गर्न तयार रहेको भन्दै उनले सरकारले सहजीकरण गरि दिनुपर्ने माग गरे । यसका लागि संसदीय समितिले निर्देशन दिनुपर्ने भट्टराईको जोड थियो ।

त्यसपछि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) का सदस्य सचिव महेश भट्टराईले चिकित्सा शिक्षा ऐन अनुसार सय बेडको आफ्नै अस्पताल नभएका संस्थाहरु बन्द भएको बताए । तर समितिमा निवेदन दिने ६३ वटा संस्थाको मापदण्ड पुगे/नपुगेको विषयमा उनले प्रष्ट खुलाएनन् । बरु कतिपय अवस्थामा चिकित्सा शिक्षा आयोगले सीटीईभीटीले सहयोग नपाएको गुनासो गरे ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. अञ्जनीकुमार झाले भने त्यसको प्रतिवाद गरे । सीटीईभीटी र चिकित्सा शिक्षा आयोगका पदाधिकारी आरोप प्रत्यारोपमा व्यस्त भएपछि ६३ वटा कलेज किन बन्द भए ? उनीहरुका के कस्ता मापदण्ड पूरा भएनन् ?



भन्ने विषयमा कसैले प्रष्ट पारेनन् ।

**बरालिए सांसदहरु**

बन्द भएका कलेज सञ्चालकहरुले आफूहरुले आवश्यक मापदण्ड पूरा गरेको र नर्सिङ पढाउन पाउनुपर्ने माग स्पष्ट रुपमा राखे । तर सीटीइभीटी र चिकित्सा शिक्षा आयोगका पदाधिकारीले प्रष्ट विषय नराखेपछि सांसदहरु बरालिए ।

सांसदहरु विद्यार्थीले पढ्न पाउनुपर्छ भन्नेमा केन्द्रित भए । नेपालको संविधानले शिक्षालाई मौलिक हक अन्तर्गत राखेको, माध्यमिक शिक्षालाई नि:शुल्क गर्ने भनिएको लगायतका विषय उठे ।

१९ साउनमा नर्सिङ पढ्न चाहनेहरुको इन्ट्रान्स परीक्षा हुँदैछ । त्यसअगावै बन्द भएका कलेजहरुले समेत नर्सिङ पढाउन पाउने गरी निर्देशन दिनुपर्ने कतिपय सांसदले बताए ।

'नेपालमा पढ्न नपाएको भनेर विदेश जानुपरेको छ । हामीहरुको चिन्ता यो हो', कांग्रेसका सांसद डिगबहादुर लिम्बुले भने । एमालेकी सांसद दीपा शर्माले १०/१२ वर्षदेखि लगानी गरेर बसेका संस्थाहरुले नर्सिङ पढाउन नपाउनु उचित नरहेको बताइन् । 'यहाँ १०/१२ वर्षदेखि लगानी गरेर बसेका छन्, तर सम्बन्धन दिने सरकारका दुई निकाय जुहारी खेलेर बसेका छन्', उनले भनिन् ।

यो विषय समाधानका लागि समितिमा आएको भन्दै उनले समितिले आवश्यक निर्देशन गर्नुपर्ने माग गरिन् । 'अहिलेलाई विद्यार्थीलाई पढ्न दिने वातावरण बनाऔं । यसमा ऐन संशोधन जरुरी छ, यसमा थप छलफल गरौंला', उनको प्रस्ताव थियो ।

**कालुरामले सम्झिए गत वर्षकै छलफल**

एमालेका सांसद कालुराम राईलेबन्द भएका कलेज सञ्चालकहरुको मागका सम्बन्धमा गत वर्ष समेत छलफल भएको सम्झिए । '६३ वटा कलेज बन्द भए भनेर गत वर्ष नै छलफल भएको थियो । एक वर्षसम्म यो विषय मिल्यो होला भनेको फेरि आएछ', उनले भने, 'अब यो समस्या सधैंभरिलाई बन्द गरौं ।'

राईका अनुसार गत वर्ष पनि यसरी नै आएको निवेदनका आधारमा समितिले छलफल गरेको थियो । पूर्वशिक्षामन्त्री समेत रहेका माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलको संयोजकत्वमा उपसमिति गठन गरेको थियो ।

उपसमितिको प्रतिवेदनका आधारमा समितिले २ माघ २०८० मा कोभिडको अवधिलाई शून्य समय मानेर उपसमितिको अध्ययनका आधारमा २ माघ २०८० मा शिक्षा समितिले कोभिडका कारण आफ्नै १०० शय्याको अस्पताल बनाउन नपाएको भन्दै २ वर्ष नजिकको निजी तथा सरकारी अस्पतालसँग सम्झौता गरेर नर्सिङ कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको थियो ।

'आफ्नो अस्पताल नभएकाहरुले नजिकैको सरकारी, गैर सरकारी र निजी कलेजसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्न' पाउने गरी बन्द भएका कलेजहरु खुलाउन सरकारलाई निर्देशन दियो । तर चिकित्सा शिक्षा ऐन विपरीत समितिले दिएको निर्देशन चिकित्सा शिक्षा आयोगले कार्यान्वयन गरेन ।

त्यसबेला लिखित असहमति राखेकी रास्वपा सांसद डा. तोसिमा कार्कीले यो समितिमा छलफल गर्नुपर्ने विषय नै नभएको बताइन् । 'चिकित्सा शिक्षा ऐन अनुसार मापदण्ड पुगेकाहरुले नर्सिङ पढाउन पाउँछन्', उनले भनिन्, 'मापदण्ड पुगेकाले सम्बन्धन नपाएको भए कसले नपाएको हो त्यो ल्याएर छलफल गरौं । होइन भने फेरि दोहोऱ्याएर निवेदन लिएर छलफल गर्ने कुरा गलत छ ।' कानुन विपरीत सम्बन्धन दिनुपर्ने मागका विषयमा छलफल गर्न नसकिने भन्दै उनले समिति सभापतिको ध्यानाकर्षण गरिन् ।

सभापति अम्मरबहादुर थापाले पढ्न नपाइने भयो भनेर धेरै फोन आएको र मापदण्ड पुगेर पनि कलेज सञ्चालन गर्न नपाएको सूचना आएकाले बैठक राखेको जिकिर गरे । उनले कानुन विपरीत कुनै निर्णय नहुने आश्वासन समेत दिए ।

**बदलियो परिस्थिति**

कांग्रेसका सांसद धनराज गुरुङले समितिको छलफल गोलमटोल भएको भन्दै चिकित्सा शिक्षा आयोग र सीटीईभीटीका पदाधिकारीहरुलाई विषय केन्द्रित प्रश्न गरे । पूर्व कानुनमन्त्री समेत रहेका उनले चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. झा लाई सोधे-६३ वटा कलेजले किन सम्बन्धन नपाएको हो ?

झाले जवाफ फर्काए - मापदण्ड पुगेको छैन । मापदण्ड पूरा भएर आएको खण्डमा कुनै पनि रोकिँदैन । त्यसपछि सांसद गुरुङले सीटीइभीटीका सदस्य सचिव भट्टराईलाई सोधे - उहाँ (झा)ले भनेको कुरामा यहाँको कुरा के हो ?

सदस्य सचिव भट्टराईले जवाफ फर्काए - चिकित्सा शिक्षा ऐन अनुसार पूरा हुनुपर्ने मापदण्ड पुरा भएका छैनन् ।

गुरुङ - के मापदण्ड पुगेनन् ?

भट्टराई - आफ्नै सय बेडको अस्पताल हुनुपर्छ । त्यो छैन ।

कांग्रेस सांसद गुरुङले १०० बेडको अस्पताल हुनुपर्ने शर्त पूरा नभएको भए किन छलफल गर्नुपऱ्यो भन्दै समिति सभापतिको ध्यानाकर्षण गरे । आवश्यक मापदण्ड पूरा गरेर आशयपत्र पाएका र सम्बन्धन पाउने प्रक्रियामा अगाडि बढेका संस्थाहरुको हकमा निर्णय गरेर अगाडि बढ्नुपर्ने प्रस्ताव गरे ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष झाले पनि कानुन अनुसार सीटीईभीटीबाट निर्णय भएर आए आयोगले नरोक्ने बताए । यसका लागि सीटीईभीटीका अध्यक्ष तथा आयोगका सहअध्यक्ष शिक्षामन्त्रीलाई विश्वासमा लिएर अगाडि बढ्न सुझाए ।

झाका अनुसार २२ वटा संस्थाले आयोगबाट आशयपत्र प्राप्त गरेका छन्, उनीहरुले यसवर्षबाटै नर्सिङ पढाउने चाहेका छन् । तर यो सीटीईभीटीमा पुगेर अड्किएको छ । तर संसदीय समितिले चासोका साथ छलफल गरेको ६३ वटा संस्थाले मापदण्ड नपुगेकै कारण सम्बन्धन नपाएको उनले प्रष्ट पारे । आफूहरुले ऐन कानुन अनुसार मात्र काम गर्न सक्ने भन्दै उनले यदि सम्बन्धन दिने हो भने ऐन संशोधन गर्न सुझाए । त्यसपछि समिति सभापति थापाले क्लेज संचालकहरुलाई बाहिर जान निर्देशन दिए, चिकित्सा शिक्षा आयोग र सीटीइभीटीका पदाधिकारीहरुलाई पनि बिदा गरे ।

२२ वटा कलेजको हकमा सरकार तत्काल निष्कर्षमा पुग्नुपर्ने र यस अनुसार निर्देशन जारी गर्ने प्रस्ताव गरे । यही साउन १९ गते हुने इन्ट्रान्स अगाडि नै यो विषयमा कुनै न कुनै निचोडमा पुग्नुपर्नेमा सांसदहरुले जोड दिए । त्यसआधारमा समितिले २२ वटा नर्सिङ कलेजलाई सम्बन्धन दिन निर्देशन जारी गर्ने निर्णय गरेको छ ।

'प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको बैठक तत्काल राखी सम्बन्धनका लागि चिकित्सा शिक्षा ऐन २०७५ र सो सम्बन्धी नियमावली बमोजिम आवश्यक मापदण्ड, शर्त र प्रक्रिया पूरा गरेका संस्थाहरुलाई आयोग समक्ष पेश गरी सम्बन्धन स्वीकृति गरी यसै शैक्षिक सत्रभित्र भर्ना प्रक्रिया प्रारम्भ गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन दिने' समितिको निर्णयमा भनिएको छ ।

तर समिति सभापति सहित केही सांसदले चाहे अनुसार मापदण्ड नपुगेका ६३ वटा नर्सिङ क्लेजका सबन्धमा भने निर्णय भएन । 'सभापति निवेदनप्रति लचक हुनुहुन्थ्यो, आज एक घन्टा छलफल गरेर उनीहरुको पक्षमा निर्देशन जारी गर्ने तयारी थियो', एक सांसद भन्छन्, 'केही सांसदले त्यसका लागि वातावरण बनाउन प्रयास पनि गर्नु भएको थियो । तर पहिला पनि गलत निर्देशन गएको थाहा पाएपछि हामीले यसपटक रोक्यौं ।'

*(स्रोत: अनलाइनखबर)*

# 'सतीदेवी'को ट्रेलर रिलिज, मलिका भन्छिन्, 'फिल्मले समाजलाई ऐना देखाउँछ'



काठमाडौं/कृष्ण जन्माष्टमीको अवसर पारेर आगामी भदौ ७ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'सतीदेवी'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरले फिल्मको कथावस्तुबारे प्रकाश पार्छ । अंश र वंश धान्न छोरा चाहिन्छ भन्ने पितृसत्तात्मक सोचलाई प्रश्न गर्दै छोरीले पनि आफ्नो कर्तव्य निभाउन सक्छन् भन्ने विषयलाई ट्रेलरमा देखाइएको छ ।

यो फिल्ममा अभिनेत्री मलिका महत गाउँले चरित्रमा छन् । ट्रेलरमा उनको अभिनय मनछुने लाग्छ । छोराको चाहना गरेका बुबाको खुसीका लागि उनको पात्रले उठाएको एउटा कदम र त्यो घटनाले कालोमोसो र जुत्ताको माला लगाएर गाउँबाटै निकाला हुनुपरेको कथामा फिल्म केन्द्रित रहेको ट्रेलरले प्रष्ट पार्छ । छोरीहरुको वेदना, आमाको रोदन र बुबाको पक्षतापलाई पनि ट्रेलरले देखाउँछ ।

मलिकालाई यो फिल्मले समाजलाई ऐना देखाएको छ भन्ने लाग्छ । फिल्म हेर्दा धेरैले आफ्नै भोगाई महसुस गर्ने उनको विश्वास छ । निर्देशक लक्ष्मण सुवेदीले फिल्ममा मनोरञ्जन र सन्देश दुवै रहेको जिकिर गरे । समाजमा छोरीलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा फिल्मले परिवर्तन ल्याउने उनको दावी छ । आफूले समाजमा देखेको र भोगेको कथावस्तुलाई नै फिल्ममा उठाएको उनले बताए ।

निर्देशक सुवेदीकै लेखन रहेको फिल्ममा मलिकासँगै रमेश बुढाथोकी, भोलाराज सापकोटा, कुलदीप अधिकारी, सृजना अधिकारी, सन्दीपबाबु लोहनी, मनिषा सापकोटा, सुजिता सिवाकोटी, तुलसी श्रेष्ठ लगायतको पनि अभिनय छ । बाबु श्रेष्ठले छायांकन रहेको यो फिल्मले केही फेस्टिभलमा महत्त्वपूर्ण विधामा अवार्ड जितिसकेको छ । त्यसैले फिल्म विशेष बनेको हुनसक्ने अपेक्षा गरिएको छ ।

# क्यूएफएक्सको सिटी स्क्वायर मलस्थित फिल्म हल संचालनमा

काठमाडौं/सामाखुशी चोकस्थित सिटी स्क्वायर मलमा क्यूएफएक्सको नयाँ हल औपचारिक रुपमा संचालनमा आएको छ ।

विहिबार बेलुका आयोजित समारोहमा दीपकराज गिरी, प्रकाश सपुत, नीति शाह, किरण केसी, रमेश उप्रेती, निर्मल शर्मा, जितु नेपाल लगायतका कलाकारले रिबन काटेर हल शुभारम्भ गरे ।

गत महिनादेखि सफ्ट-ओपनिङ भएपनि शुक्रबारदेखि औपचारिकरुपमा हल संचालनमा आउने हल संचालक तथा उद्यमी सुमित मैनालीले जानकारी दिए । हलको व्यवस्थापन क्यूएफएक्सले गर्नेछ । ३ पर्दा रहेको हलको सिट संख्या ४९५ छ । यो सँगै काठमाडौं उपत्यकामा क्यूएफएक्स हलको संख्या ७ र काठमाडौंबाहिर १० पुगेको छ ।



यो हलमा नेपालमा पहिलोपटक अरोम्याक्स च्यानल ३२ ध्वनी प्रविधि जडान गरिएको छ । साउण्ड सिस्टमको यो पछिल्लो अपडेसँगै दर्शकले फिल्ममा आनन्द लिन सक्ने जनाइएको छ ।

बेल्जियमको कम्पनी बार्को लेजर्सको अत्याधुनिक प्रोजेक्सन सिरिज फोर पनि जडान गरिएको छ । फिल्म हेर्दा दर्शकले अत्याधुनिक दृश्य प्रभाव र रोमाञ्चक ध्वनी, प्लाटिनम सोफा र लाउन्जर सिट्मा बसेर अनुभव गर्न सक्ने विज्ञप्तिमा उल्लेख छ ।

मैनालीले संचालनमा ल्याएको दरबारमार्गस्थित क्यूज हलको पनि व्यवस्थापन क्यूएफएक्सले हेरिरहेको छ । इलेमेन्ट्स मूभिज प्रालिले यो हल संचालनमा ल्याएको हो ।

गोंगबु, सामाखुसी, टोखा लगायत क्षेत्रका दर्शकलाई फिल्म हेर्न उक्त मलमा पायक पर्ने आशा पनि क्यूएफएक्सले लिएको छ । गतमहिनादेखि पोखरा र चितवनमा क्यूएफएक्सका दुई नयाँ हल संचालनमा आइसकेका छन् ।

क्यूएफएक्स सिनेमाज सिटी स्क्वायर मलमा दर्शकले शुक्रबारदेखि हलिउड फिल्म 'डेडपुल एण्ड वुल्भरिन'सहित हिन्दी र नेपाली फिल्म हेर्न पाउने जनाइएको छ ।

# प्रिमियरमा 'मोदीबेनी'लाई कसले के भने ?

काठमाडौं/अभिनेत्री रेजिना उप्रेतीले करिब ९ वर्षपछि कमब्याक गरेको फिल्म 'मोदीबेनी' आज शुक्रबारदेखि प्रदर्शनमा आउने तयारीमा छ । प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर राखिएको थियो । जहाँ अभिनेत्री वर्षा सिवाकोटी र नव-अभिनेता अमर प्रताप श्रेष्ठ आकर्षणको केन्द्रविन्दू बने । वर्षा साडीमा सुन्दर देखिएकी थिइन् भने अमर सुटबुटमा ठाटिएका थिए ।

फिल्मकर्मीदेखि राजनीतिज्ञसम्मको उपस्थिति रहेको प्रिमियरमा प्राय:ले फिल्मको विषयवस्तु र कलाकारहरुको अभिनयको प्रशंसा गरे । संघीय सांसद शोबिता गौतमले फिल्मको प्राविधिक र क्रियटिभ काम निकै मन परेको बताइन् । 'सबै कुरा मै हो' भन्ने सोचले कस्तो नतिजा दिन्छ भन्ने कुरालाई फिल्मले देखाएको उनको भनाई थियो । उनले कलाकारहरुको अभिनयको पनि प्रशंसा गरिन् ।

कलाकार हिमेश पन्तले फिल्म रमाइलो बनेको र ट्विस्ट मन परेको बताए । अर्का कलाकार विजय बरालले फिल्मको कथावस्तु मन परेको बताउँदै सबैलाई हेर्न आग्रह गरे । 'बुलबुल' फेम्ड अभिनेता मुकुन भुसालले सदीयौंदेखि सुन्दै आएको कथालाई फिल्ममा हेर्न पाएकोमा खुसी व्यक्त गरे । कलाकार एवं निर्माता निर्मल शर्माले आफूले सोचेको भन्दा पनि फिल्म उत्कृष्ट बनेको प्रतिक्रिया दिए ।

ट्रेलर हेरेपछि 'मोदीबेनी' प्रति ठूलो अपेक्षा राखेकी अभिनेत्री तथा निर्देशक दीपाश्री निरौलाले आफू निराश नभएको बताइन् । वर्षा र अमरसहितका कलाकारहरुको काम पनि उत्कृष्ट रहेको उनको भनाई थियो । उनले भनिन्, 'नेपाली फिल्ममा धेरैपछि यस्तो कथा हेर्न पाइयो । हेरुन्जेल मज्जा आयो ।'




यस्तै, अभिनेता रमेश उप्रेतीले आइरहेका फिल्मभन्दा एकदमै अलग लागेको प्रतिक्रिया दिए ।

निर्देशक शोभित बस्नेतले 'मोदीबेनी' साँच्चै राम्रो बनेको बताउँदै धेरैपछि रेजिना उप्रेतीलाई ठूलो पर्दामा देख्दा खुसी लागेको बताए । उनले निर्देशकको काम पनि मन परेको प्रतिक्रिया दिए । अभिनेत्री अञ्जना बराइलीले नयाँ कलाकारहरुको कामको प्रशंसा गरिन् । सबै कलाकारले आफ्नो चरित्रलाई न्याय गरेको जनाउँदै उनले आफूले दर्शकको नजरबाट फिल्म हेर्दा निकै मन परेको बताइन् ।

प्रिमियरमा फिल्मले अब्बल प्रतिक्रिया प्राप्त गरेपछि वर्षा र अमरको अनुहारमा खुसीको भाव देखिन्थ्यो । शङ्कर कोइरालाको डेब्यु निर्देशनमा तयार भएको फिल्मको बुधबारबाट देशभरका मल्टीप्लेक्सहरुमा बुकिङ खुलिसकेको छ भने केही शोज 'सोल्डआउट' हुने अवस्थामा पुगेका छन् । प्रिमियरबाट प्राप्त प्रतिक्रियाले दर्शकमा फिल्मप्रति आकर्षण बढ्ने निर्माण टिमले अपेक्षा गरेको छ ।

# धरहरा निर्माण अन्तिम चरणमा, सञ्चालन 'मोडालिटी' अन्योलमै

काठमाडौं/२०७२ सालको विनाशकारी भूकम्पबाट ढलेको धरहरा नवनिर्माणको अन्तिम चरणमा छ । धरहरा निर्माणको भौतिक प्रगति ९२ प्रतिशत पुगेको र आगामी असोज तेस्रो सातासम्म निर्माणको सबै काम सकेर सरकारलाई हस्तान्तरण गर्ने तयारी छ ।

सहरी विकास मन्त्रालय भवन विभागका इन्जिनियर गोपाल भट्टराईका अनुसार २० असोजसम्म यो आयोजना निर्माणको अन्तिम म्याद हो । उक्त अवधिसम्म शतप्रतिशत निर्माण सक्ने लक्ष्यसाथ अहिले धमाधम काम भइरहेको उनी बताउँछन् । 'भौतिक निर्माणको काम सम्पन्न भइसकेको छ,' उनी भन्छन्, 'अब विद्युतीय उपकरण र रङरोगनको काम जारी छ ।'

विद्युतीय उपकरण जडान अन्तर्गत समेत केबुल बिच्छ्याउने काम सकिएको र अब बल्ब (चिम) जडान गरी फिटिङ गर्न बाँकी रहेको उनले जानकारी दिए । उता, अन्तिम तहको रङरोगन, फायर फाइटिङ उपकरण तथा अन्य सुविधाजन्य उपकरण जोड्ने काम भइरहेको उनले बताए । जसमा एयर कन्डिसन (एसी), हिटिङ सिस्टम जस्ता उपकरण जडान पर्छन् ।

२०७२ को भूकम्पबाट भत्किएको धरहरा पुनर्निर्माण शिलान्यास तीन वर्षपछि १२ पुस २०७५ मा भएको थियो । त्यसको तीन वर्षपछि २०७८ मा आयोजनाको भौतिक संरचना आधा पनि नपुग्दै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेका थिए । उद्घाटन भएको तीन वर्षपछि बल्ल धरहरा पूर्णरूपमा सञ्चालन चरणमा पुगेको हो ।

धरहरा ११ वैशाख २०७८ मा उद्घाटन गरिएको थियो । यो आयोजनाको म्याद ६ पटकसम्म थप्नुपरेको छ । धरहरा पुनर्निर्माण तत्कालीन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण मार्फत अगाडि बढेको थियो । प्राधिकरणको अवधि समाप्त भएसँगै सहरी विकास मन्त्रालयबाट निर्माण अगाडि बढेको हो ।

**अझै तय भएन सञ्चालन 'मोडालिटी'**

धरहरा निर्माण अन्तिम चरणमा पुगे पनि यसलाई सञ्चालनको 'मोडालिटी' भने अझै तय भइसकेको छैन । 'सर्वसाधारणको अवलोकनका लागि कहिलेबाट खोल्ने, शुल्क के हुने, सञ्चालन कसले गर्ने, कसरी गर्ने जस्ता विषय अझै टुंगिएको छैन,' इन्जिनियर भट्टराईले भने ।

यसको मोडालिटी भने सरकारले तय गर्ने उनको भनाइ छ । अहिले धरहराको बेसमेन्टमा महानगरपालिकाको व्यवस्थापनमा अन्डरग्राउन्ड पार्किङ भने सञ्चालनमा छ । मंगलबार मात्र प्रधानमन्त्री केपी शर्मा ओलीले समेत सञ्चालनमा रहेको अन्योलबारे अभिव्यक्ति दिएका थिए । साथै, उनले धरहराको स्वामित्व महानगरको नभएको भन्दै आलोचना समेत गरेका थिए ।

'पार्किङ बनिसकेको छैन, नि:शुल्क पार्किङ भनेको छ, सरकारले त्यत्रो पैसा खर्च गरेको, अलिकति शुल्क लिए त निर्माणको पैसा उठ्छ नि त !,' सचिवहरूलाई निर्देशन दिने क्रममा प्रधानमन्त्री ओलीले भनेका थिए ।

ओलीले धरहराको लिफ्ट खिया लागेर बसेको समेत बताए । 'धरहराको टुप्पोबाट देखेको काठमाडौं साँच्चै मनमोहक देखिन्छ, अनि किन सञ्चालन नगर्ने ?,' उनले कुन मन्त्रालयबाट कसरी सञ्चालन गर्ने हो, त्यसको कार्यविधि बनाउन समेत उनले निर्देशन दिए ।

उनको यो निर्देशनले निर्माणको अन्तिम चरणमा पुग्दासमेत धरहरा कसरी सञ्चालन गर्ने भन्नेमा रहेको अन्योल देखाउँछ । धरहरा पुनर्निर्माण जीआईईटीसी-रमण जेभीले गरिरहेको छ । धरहरा उद्घाटनकै समयमा सरकारले त्यसपछिको १० महिनामा सर्वसाधारणले चढ्न पाउने दाबी गरेको थियो । तर, धरहरा ढलेको साढे आठ वर्षमा पनि सर्वसाधारण चढ्न सक्ने गरी निर्माण हुन सकेको छैन ।

*(स्रोत: अनलाइनखबर)*

# काभा वुमन्स भलिबल : पहिलो जितले नेपाल उत्साहित

काठमाडौं/बिहीबार काठमाडौंमा सुरु भएको काभा वुमन्स भलिबल नेसन्स लिगमा नेपालले विजयी सुरुवात गरेको छ । मध्य एसियाका नेपाल, भारत, इरान, श्रीलंका र माल्दिभ्स गरी पाँच देश सहभागी प्रतियोगितामा नेपालले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

नेपालले २५-१९, २५-१८ र २५-१९ को सेटमा पराजित गरेको हो । दोस्रो सेटमा श्रीलंकाले ४-२ सम्म अग्रता लिएको थियो, तर नेपाल लयमा फर्कदै श्रीलंकालाई १८ मा नै रोक्यो ।

तेस्रो सेटमा श्रीलंकाले १५ अंक जोड्दासम्म नेपाल पछि परिरहेको थियो । १५ अंकमा बराबरी अंक जोडेपछि भने नेपालले अग्रता बनाउँदै जित हात पाऱ्यो ।

बिहीबारको खेलमा तीन अंक जोडेपछि नेपाली टोली उत्साहित छ । कप्तान अरुणा शाही भन्छिन्, 'हामीले पछिल्लो पटक खेल्दा बेस्ट अफ ५ खेलेर जितेका थियौं, यो पालि सोझो सेट हराउँदा एमदमै खुसी छौं ।'

यसअघि सन् २०२१ मा बंगलादेशमा भएको काभा वुमन्स च्यालेन्ज कपमा श्रीलंकालाई नेपालले ३-२ को सेटमा पराजित गरेको थियो । कप्तान शाहीले आजको खेलको तेस्रो सेटमा सेटिङमा केही गल्ती भएका कारण श्रीलंकाले अग्रता लिएको बताइन् । 'तेस्रो सेटमा मेरो सेटिङ मिस्टेक भयो । तेस्रो सेटमा मेरो हातबाट बल चिप्लिरहेको थियो । जम्प पास गर्दा पनि मिस्टेक भयो । पछि हामीले सेटर चेन्ज गरेपछि खेलमा फर्कियौं', उनले भनिन् ।

प्रशिक्षक जगदिश भट्ट पनि यो जितले नेपाली टिममा उत्साह थपेको बताउँछन् । खेलमा सबै खेलाडीले आफ्नो तर्फबाट उत्कृष्ट प्रदर्शन गरेको उनले बताए । 'प्रशिक्षकको रुपमा मैले जस्तो सोचेको थिएँ त्यस्तै खेल खेलाडीले खेले', भट्टले भने ।

नेपालले यसपछिका खेलमा पनि सम्हालिएर खेल्नुपर्ने उनले बताए । 'हामीले भारत र इरानसँग खेल्नुपर्ने छ । यी दुई टिमलाई जितेर पोलको विजेताको रुपमा सेमिफाइनल खेलेमा मात्रै फाइनलमा पुग्न हामीलाई सहज हुनेछ', उनले भने ।

नेपालको भलिबलको भविष्यका लागि यो खेल कोशेढुंगा सावित हुने प्रशिक्षक भट्टले बताए । खेलपछि आयोजित पत्रकार सम्मेलनमा उनले भने, 'यो पालि उपाधि जितेमा भलिबल खेल निकै माथि जाने भएकाले हामी उपाधिका लागि निकै गम्भीरताका साथ लागि परेका छौं ।'

नेपालका लागि बिहीबारको नतिजा अपेक्षित नै थियो । कप्तान शाही यो जित भारतसँगको खेलअघिको राम्रो अभ्यास भएको बताउँछिन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# ग्रामीण सडक दीर्घकालीन बन्न सकेन

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ स्थानीय सरकारको निर्वाचन भएपछि पहिलो ५ वर्षको अवधिमा अधिकांश गाउँपालिकाले बजेटको धेरै हिस्सा ग्रामीण सडकमा खन्याए । हरेक वर्ष खनिएको सडकको दीर्घकालीन संचालनको आधार भने तयार हुन सकेन ।

मुलुक संघीय संरचनामा गएपछि वडाअध्यक्ष नै डोजर/एक्साभेटर खरिद गरी बाटो खन्ने कार्यमा तम्सिए । यस्ता हेभी मेशिनहरु नेपाललाई कति आवश्यक छ भन्नेतर्फ कसैले पनि सोचेनन् । यतिबेला हेभी मेशिनरीमा गरिएको लगानी प्राय: निष्क्रिय भएर बसेको छ । अर्थशास्त्रीय शब्दमा भन्ने हो भने त्यस्ता मेशिनमा भएको ठूलो रकम 'आइडल' हुन पुगेको छ । ठूलो पूँजी लगानी निष्क्रिय भएपछिका समस्या एकातिर छँदैछ । अर्कोतिर अन्धाधुन्द खनिएका सडकले निम्त्याएको पीडा बेग्लै छ ।

डोजर वा एक्साभेटरका अपरेटर नै ईन्जिनियर बनेर खनिएका ग्रामीण सडक बर्षायाममा बगेर बंगालको खाडीमा पुगिसक्दा पनि नीति निर्माताको चेत खुल्न सकेको छैन । जब बर्षातको मौसम सुरु हुन्छ तब मात्र यो विषयमा बहस चल्ने गरेको छ । केही साता अघि मुग्लीन-नारायणगढ खण्डमा दुइवटा रात्रिसब एकसाथ त्रिशुलीमा बेपत्ता भएको घटनामा पनि पहाडी क्षेत्रमा खनिएका अब्यवस्थित सडकका कारण गएको पहिरो भएको समाचार आएका थिए ।

मकवानपुरको कैलाश गाउँपालिका-७ भार्तामा सडक निर्माण गरिरहेका एकजना एक्साभेटरका अपरेटर भन्छन्-'पालिकामा रहेका प्राबिधिकहरुले तयार गरेको लगत स्टीमेटमा उपभोक्ता समितिले काम गर्न सक्ने अवस्था नै छैन । प्राबिधिकहरु सितिमिति गाउँमा पुग्दैनन् । हामीले नै मिलाएर बाटो खन्नुपर्छ ।' यो अवस्थाले नेपालको अधिकांश ग्रामीण क्षेत्रको समस्यालाई प्रतिनिधित्व गरि रहेको छ ।

तिनै एक्साभेटर अपरेटरको जस्तै अवस्था अधिकांश अपरेटरको छ । श्रमदानमा पनि भ्याट बिल चाहिने सरकारी नियमले गर्दा उपभोक्ता समितिले जिम्मा लिएको काम पनि ठेकेदारमार्फत् गराउनुको बिकल्प छैन । समितिले आफैं गरेको काममा पनि समितिका सदस्यहरुको स्वार्थ बाझिएका कारण गाउँघरतिर घरैपिच्छे सडक पुग्ने गरी घुमाइएको हुन्छन् ।

सरकारले २०३१ सालमा ल्याएको सार्वजनिक सडक ऐनले राष्ट्रिय राजमार्गको ब्याख्या गरेको छ । पछिल्लो सयम प्रदेश सरकारले पनि आफ्नो क्षेत्रका सडकलाई प्रादेशिक सडकका रुपमा घोषणा गर्ने काम गरेको छ । ग्रामीण सडक वा कृषि सडकको दुरावस्था सम्बोधन हुन सकेको छैन । प्रादेश सरकाले घोषणा गरेको प्रादेशिक सडकको जग्गाको लालपूर्जा हातमा बोकेर हरेक वर्ष मातपोत तिरिहरकेका जग्गाधनिको पीडा बेग्लै छ । सुबिधाका लागि सडक खनियो तर, त्यो सडकले चर्चेको जग्गाको मालपोत जग्गाधनिले तिर्नु परिरहेको छ ।

बिगत लामो समयदेखि ग्रामीण क्षेत्रमा सडक निर्माणको काम गरेको मकवानपुरको एक गैसस (मनहरी विकास संस्था) एमडीआई नेपालका कार्यक्रम संयोजक खोप नारायण श्रेष्ठ भन्छन्-'माटो बगेर जाने गरी खनेको सडक दीर्घकालीन बन्नै सक्दैन । ग्रामीण सडक खन्ने बित्तिकै देउछाउमा बृक्षरोपण गर्नैपर्छ । तर, मकवानपुरका मात्र होइन मुलुकभरका ग्रामीण सडक खनेपछि बिग्रिएको संरचनामा बृक्षरोपण गर्ने काम भएको छैन ।

तीन दसकअघि विश्वखाद्य कार्यक्रमको सहयोगमा मकवानपुरको ग्रामीण क्षेत्रमा सडक निर्माणको काम गरेको एमडीआईले सडकको छेउमा केरा, अंम्रिसो, अलाईची, कुरिलो, कागती, अम्बा जस्ता बिरुवा रोप्ने काम नमूनाको रुपमा गरेको थियो । तर, त्यसलाई पछिल्ला दिनमा खनिएका ग्रामीण सडकमा वास्ता गरिएन । ग्रामीण क्षेत्रको सडक छेउमा रोपिने बिरुवा आयआर्जनसँग जोड्न सकियो भने मात्र दीर्घकालीन रुपमा संरक्षण पनि हुने तर्क गर्छन् एमडीआईका संयोजक श्रेष्ठ ।

ग्रामीण सडक होस् वा कृषि सडक, यसलाई गरीबी निवारण र स्थानीयको आयआर्जनसँग जोडेर मात्रै लगानी गर्नुपर्ने श्रेष्ठको सुझाव छ । सडक खन्दै गर्दा त्यसको छेउमा बग्ने माटो जोगाउनका लागि पनि कार्यक्रम तथा बजेटको पाटोमा गंभिर बन्नै पर्ने उनले बताए । एमडीआइले अहिले मकवानपुरमा खासै काम गरेको छैन ।

बागमती प्रदेशको भौतिक पूर्वाधर विकास मन्त्रालयले मनसुनजन्य तथा अन्य प्राकृतिक विपद्का लागि क्वीक रेस्पोन्स टीम (क्युआरटी) अर्थात द्रुतप्रतिकार्य टोली गठन गरेको छ । बुधबार मन्त्रालयमा पत्रकार सम्मेलन गरी प्रादेशिक सडक यातायात गुरुयोजनाअन्तर्गत रहेका सडक सञ्जालमा प्राकृतिक विपद्बाट भएका अवरोध तत्काल हटाउन द्रुतप्रतिकार्य टोली (क्युआरटी) गठन गरिएको जानकारी दिइयो । भौतिक पूर्वाधर विकासमन्त्री अमनकुमार मास्केले प्राकृतिक विपद्का कारण आपतकालीन आवागमन अवरुद्ध हुने गरेको र न्यूनतम सूचना प्रवाह तथा समन्वयको अभावमा प्रदेशवासीलेले सास्ती खेप्नु परेकोले आफ्नो मन्त्रालयले यसको उत्तरदायित्व लिएको बताएका छन् ।

क्युआरटी गठनका विषयमा जानकारी दिँदै मन्त्री मास्केले साना तथा मसिना लाग्ने विषयमा गम्भिर हुनसके जनतालाई उपलब्धि दिन सकिने बताए । मन्त्री मास्केले तत्काल मोवाइल टिम खटाउने र सडक सञ्जालको अवस्था बारे जानकारी लिने र स्थानीय सञ्चार माध्यमबाट त्यसको सूचना प्रवाह गरी नागरिकसम्म पुऱ्याउने बताए । यातायात पूर्वाधार निर्देशानालय हेटौंडाका निर्देशक पुष्करप्रसाद पोखरेलको संयोजकत्वमा गठित द्रुतप्रतिकार्य टोली (क्युआरटी)मा मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर सुजन भण्डारी, मन्त्रालयका विपद् फोकल पर्सन ज्यानेन्द्रप्रसाद पुन, यातायात पूर्वाधार निर्देशनालयका अधिकृत हरिप्रसाद ओझा र जिल्लास्थित पूर्वाधार विकास कार्यालयका प्रमुख सदस्य रहेको मन्त्रालयका सचिव अमृत श्रेष्ठले जानकारी दिए ।

टोलीले अवरुद्ध भएका मुख्य प्रादेशिक सडकको पहिचान गर्ने सूचना सम्प्रेषण गर्ने, वैकल्पिक मार्ग पहिचान गर्ने, आकस्मिकरुपमा अवरुद्ध सडक यथाशीघ्र संचालन गर्ने, अन्तरनिकायसँग समन्वय गर्ने, कार्यालयगत रुपमा आकस्मिक मर्मत सम्भार शीर्षकमा विनियोजित बजेटबाट स्रोत व्यवस्थापन गर्ने र प्रचलित कानूनको अधिनमा रहेर टोलीबाट निर्धारित अन्य कार्यक्षेत्रगत शर्तको कार्यान्वयन गर्ने र गर्न लगाउने सचिव श्रेष्ठले बताए ।

# हेटौंडामा स्कुटरको नयाँ सोरुम, छुट अफर



साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ नेपालका लागि भेस्पा/एप्रिला स्कुटरको आधिकारिक बिक्रेता डेल्टा अटोकर्प प्रालिले बिहीवारबाट हेटौंडा उपमहानगरपालिकामा नयाँ शोरुम जोशी अटोमोवाइल्स सञ्चालनमा ल्याएको छ ।

हेटौंडा क्षेत्रमा बढ्दै गएको भेस्पा/एप्रिला स्कुटरको माग र देशभर सेल्स, सर्भिस र स्पेयर्स पार्टस उपलब्ध गराउने उद्देश्यलेगरी नयाँ डिलरशीप सुरु गरिएको कम्पनीले जनाएको छ । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले सोरुम उद्घाटन गरेकी हुन् । उद्घाटन गर्दै प्रमुख लामाले व्यवसायको सफलताको शुभकामना व्यक्त गरिन् । बजारमा स्कुटरको माग प्रयोग बढ्दोले महिलाले सवारी साधन प्रयोगमा समेत वृद्धि भइरहेको बताइन् ।

जोशी अटो मोवाइल्सको नयाँ शाखाबाट ग्राहकले विश्वास्तरीय भेस्पा/एप्रिला स्कुटरको सेल्स, सर्भिस र स्पेयर पार्टस् साथै एक्सचेन्ज र फाइनान्स सुविधा समेत रहेको जोशी अटो मोवाइल्सका निर्देशक नीता श्रेष्ठले बताइन् । नयाँ सोरुमबाट ग्राहकले सजिलै भेस्पा/एप्रिला स्कुटर खरिद गर्नुको साथै सर्भिस र स्पेयर पार्टसहरु सजिलै सेवा प्रदान गरिने निर्देशक श्रेष्ठले बताइन् । 'ग्राहकहरुको बढ्दो मागलाई परिपुर्ति गर्दै निरन्तर गुणास्तरीय सेवा तथा सुविधा प्रदान गर्न हामी प्रतिवद्ध छौं,' श्रेष्ठले भनिन् ।

उद्घाटन अन्तर्गत यो हप्ता हेटौंडा शोरुमबाट ग्राहक एवम् उपभोक्ताले भेस्पा/एप्रिला खरिद तथा एक्सचेन्ज गर्दा उपभोक्ताले १० हजार नगद छुटका साथै भेस्पा/एप्रिला ब्रान्डेड हेल्मेट र कीरिङ प्राप्त गर्ने जनाइएको छ । सोरुम उट्घाटन कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट लगायत सदस्यहरु, सेवाग्राही तथा शुभचिन्तकको उपस्थिति रहेको थियो ।

# हेटौंडा इजलासमा वर्षदिन नाघेका मुद्दा शून्य

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ उच्चअदालत पाटन हेटौंडा इजलासमा १ वर्ष र २ वर्ष नाघेका मुद्दा शून्य रहेको छ । अघिल्लो आवको भन्दा गत आवमा झन्डै २ प्रतिशत मुद्दा बढी फर्छ्यौट गरिएको छ ।

आव ०८०/८१ मा जिम्मेवारी सरेर आएकोसहित हेटौंडा इजलासमा १ हजार ६ सय १९ मुद्दा थिए । तीमध्ये १ हजार ३ सय ४५ अर्थात ७७ प्रतिशत मुद्दा फर्छ्यौट भएको उच्चअदालत पाटन हेटौंडा इजलासले जनाएको छ । अघिल्लो आवमा १ हजार ७ सय ४१ मुद्दा दर्ता भएकामा १ हजार ३ सय १२ थान मुद्दा अर्थात ७५ दशमलव ३६ प्रतिशत फर्छ्यौट गरिएको थियो । हेटौंडा इजलासमा न्यायाधीशको सात दरबन्दी रहेको छ । सातै जना न्यायाधीश महिला छन् ।

यसैगरी जिल्ला अदालत मकवानपुरले ५८ प्रतिशत मुद्दा फर्छ्यौट गरेको छ । मुद्दा फर्छ्यौट गतवर्षको भन्दा ३ प्रतिशत कम छ । गत आवमा जिम्मेवारी सरेर आएकासहित ३८ सय ४१ मुद्दा दर्ता भएका थिए । तीमध्ये २२ सय ७३ मुद्दा फर्छ्यौट गरिएको जिल्ला अदालत मकवानपुरले जनाएको छ । अघिल्लो आवमा ६१ प्रतिशत मुद्दा फर्छ्यौट गरिएको थियो । आव ०८०/८१ म मुद्दा दर्ता हुने संख्या नै अघिल्लो आवको भन्दा ५ सय १४ थान बढी भएको थियो भने न्यायाधीशको दरबन्दी पनि चारबाट घटेर तीन जनामा सीमित गरिएको थियो ।

अघिल्लो आवको भन्दा गत आवमा मुद्दा दर्ता हुने संख्या बढी र न्यायाधीशको दरबन्दी पनि कटौती भएकाले मुद्दाको फर्छ्यौट प्रतिशतमा कमी आएको दाबी अदालतले गरेको छ । जिल्ला अदालत मकवानपुरमा २ वर्षसम्मका ४१ वटा र २ वर्ष नाघेका २२ वटा मुद्दा फर्छ्यौट हुन बाँकी छन् । जिल्ला अदालत मकवानपुरमा तीनै जना महिला न्यायाधीश रहेका छन् ।

# मनहरीमा हात्तीले दुईवटा घर भत्कायो

हेटौंडा, १७ साउन/ मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-७ रमौलीमा जंगली हात्तीले दुईवटा घर भत्काएको छ । बिहीवार बिहान आएको हात्तीले स्थानीय जीतबहादुर बोट र बिष्णु बहादुर बोटको घर भत्काइदिएको हो ।

हात्तीले उनीहरुको घरमा रहेका खानेकुरा, मकै, धान लगायतमा क्षति पुऱ्याएको स्थानीय बासिन्दाले बताएका छन् । घर भत्काइदिएपछि उनीहरु आफन्तकोमा शरणमा पुगेका छन् । जाडोयाम सुरु हुनासाथ हात्ती आउने क्रम बढ्ने भएपनि यसवर्ष बर्खायाममै हात्ती आएपछि स्थानीयबासी चिन्तित छन् । हात्तीले मकैबाली समेत नष्ट गरेको छ ।

# बागमतीका प्रदेशप्रमुख देवकोटाले लिए शपथ

साझाकुरा संवाददाता

हेटौंडा, १७ साउन/ बागमती प्रदेशसहित तीन प्रदेशप्रमुखले शपथ लिएका छन् । शीतलनिवासमा बिहीबार अपरान्ह राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त प्रदेशप्रमुखलाई शपथ गराएका हुन् । बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटा, लुम्बिनी प्रदेशप्रमुख कृष्णबहादुर घर्तीमगर र कर्णाली प्रदेशप्रमुख यज्ञराज जोशीले बिहीबार शपथ लिएका हुन् । सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले बुधबार बागमती, लुम्बिनी र कर्णाली प्रदेशप्रमुख नियुक्त गरेका थिए ।

सरकारले बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मा, लुम्बिनी प्रदेशप्रमुख अमिक शेरचन र कर्णाली प्रदेशप्रमुख तिलक परियारलाई पदमुक्त गर्न सिफारिस गरेपछि राष्ट्रपति पौडेलले पदमुक्त गरेका थिए । मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति पौडेलले तीन प्रदेशका प्रदेशप्रमुख पदमुक्त गरेका हुन् ।

उनीहरुलाई पदमुक्त गर्न सोमबारको मन्त्रिपरिषद बैठकले राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो । मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपति पौडेलले बुधबार तीन प्रदेशप्रमुखलाई नियुक्ति दिएका थिए । देवकोटा कैलालीका हुन् भने घर्तीमगर रोल्पा र जोशी बझाङका हुन् ।

राष्ट्रपति पौडेलले नेपाल सरकार मन्त्रिपरिषद्को साउन १४ गतेको निर्णय र सिफारिसमा नेपालको संविधानको धारा १६३ को उपधारा (२) बमोजिम प्रदेशप्रमुखहरु नियुक्त गरेका हुन् । नेपाली कांग्रेस र नेकपा (एमाले) ले गत असार १७ को सहमतिअनुसार केपी शर्माओलीको नेतृत्वमा संघीय सरकार गठन गरेपछि तीन प्रदेशप्रमुख परिवर्तन गर्ने निर्णय गरेका हुन् ।

## शिक्षक आवश्यकता

*प्रकाशित मिति : २०८१।०४।१८ गते*

मनहरी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकूद शाखाको च.नं ४६ मिति २०८१।०४।१६ गतेको शिक्षक पदपूर्तिको लागि विज्ञापन अनुमति प्राप्त पत्र एवम् विद्यालय व्यवशथापन समितिको मिति २०८१।०४।१७ गतेको निर्णयानुसार रिक्त रहेको **मा.वि. संघीय ससर्त अनुदान कोटा गणित** विषयमा शिक्षक पदपूर्तिका लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई आजको मितिबाट लागु हुनेगरी १५ दिनको म्याद राखी विज्ञापन प्रकाशन गरिएको छ । तपशिल:

१. विज्ञापन नं: ३/२०८१
२. विषय : गणित
३. तह : मा.वि. संघीय ससर्त अनुदान कोटा
४. संख्या : १ (एक)
५. शैक्षिक योग्यता : मूल विषय गणित लिई वी.एड वा सो सरह उतीर्ण भएको हुनु पर्ने
६. उमेर : १८ वर्ष पूरा भइ ४० वर्ष ननाघेको
७. तलव भत्ता : नियमानुसार
८. आवेदन दस्तुर रु. १०००/ (एक हजार मात्र )
९. आवश्यक कागजातहरु :
- निवेदन - १ थान
- नेपाली नागरिक्ताको प्रतिलिपी - १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी १-१ थान
- स्थायी अध्यापन अनुमती पत्रको प्रतिलिपी - १ थान

१०. निवेदन दिने अन्तिम मिति : २०८१।०४।३१ गते कार्यालय समयभित्र
११. सम्पर्क मिति : २०८१।०४।३२ गते
१२. परीक्षा मिति : सम्पर्क मितिमा तोकिने छ ।
१३ परीक्षाको किसिम : लिखित मौखिक र आवश्यक्ता परेमा प्रयोगात्मक समेत
१४. सम्पर्क नं ९८५५०७१९०५(प्र.अ.), ९७४८३७७२३५ (वि.व्य.स अध्यक्ष

**श्री सीता माध्यमिक विद्यालय**
मनहरी-२, भुन्द्रुङटाँडी, मकवानपुर


## मार्कसीट हराएको सूचना !

श्री जनप्रिय उच्च माध्यमिक विद्यालयबाट जे.टि.ए. पशुपालन सम्बन्धी प्रथम श्रेणीमा पास भएको रजिष्ट्रेशन नं. JU५०१०-६७ को पुरुषोत्तम अधिकारी हे.उ.म.न.पा.-१८ को नाममा रहेको मार्कसीट लब्धाङ्क प्रमाण-पत्र २०८१-३-३० गते हेटौंडा बजारबाट हर्नामाडी जाने क्रममा हराएको हुँदा भेट्नु हुने महानुभावले निम्न ठेगानामा सम्पर्क गर्नुहुनु अनुरोध गर्दछु ।

पुरुषोत्तम अधिकारी
मो.नं. ९८४५१३६७७७

हार्दिक बधाई तथा शुभकामना

मउवासंघ



यस संघका कार्यसमिति सदस्य श्री सितादेवी भेटवालज्यू लायन्स क्लब अफ हेटौंडा सिटीको अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाईसहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

कृष्ण कुमार गुप्ता (अध्यक्ष) तथा
मकवानपुर उद्योग वाणिज्य संघ परिवार
हेटौंडा, मकवानपुर

हाम्रो सुमो सेवाको



नयाँ प्रस्तुति...



Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-वीरगञ्ज-हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालक: भेष खड्गी
**हाम्रो सुमो सेवा**
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३

सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्




हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
**Singhababini Moto Corp Pvt. Ltd.**
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना